**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख २० गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख २० गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** जिल्लाको  नौगाड गाउँपालिकामा वैशाख १९ गते २८ जनाको र्‍यापिड टेष्ट गरिएको छ । गाउँपालिकाको वाड नम्बर ६ को जनहित मावि धुलिगाडामा १६ जना पुरुष तथा १२ जना महिला गरी २८ जानको र्‍यापिड टेष्ट गरिएको सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले जानकारी दिनुभयो । गत चैत ५ गते यता भारत तथा तेस्रो मुलुकबाट आएका तथा होम क्वारेन्टाइनमा बसेका व्यक्तिहरुमा कोरोना परीक्षणका लागि आरडिटी परीक्षण  भइरहेको स्वास्थ्य कार्यालय, दार्चुलाले जनाएको छ । यस्तै शुक्रबार नौगाड गाउँपालिका अध्यक्ष प्रेमसिह धामीको टोलीले गाउँपालिकाका विभिन्न क्षेत्रमा बनाइएका क्वारेन्टाइनहरुको अनुगमन गरेको छ । अहिले नौगाड गाउँपालिकामा मात्रै २ सय ७८ जना क्वारेन्टाइनमा रहेको गाउँपालिकाले जनाएको छ । यसैगरी मार्मा गाउँपालिकाको क्वारेन्टाइनमा भारतबाट आएका ८४ जनालाई राखिएको छ । उनीहरुको लागि आरडिटी गर्न किटको अभाव रहेको गाउँपालिकाले जनाएको छ ।
अध्ययनको शिलशिलामा जिल्ला बाहिर रहेका विद्यार्थीलाई ६ स्थानीय तह क्रमसः नौगाड गाउँपालिका, अपिहिमाल गाउँपालिका, दुहुँ गाउँपालिका,लेकम गाउँपालिका, मार्मा गाउँपालिका र शैल्यशिखर नगरपालिकाले नगद राहत दिने निर्णय गरेको ५ । जसअनुसार नौगाड र मार्मा गाउँपालिको प्रतिविद्यार्थी ३ हजार, दुहुँ र अपिहिमाल गाउँपालिकाले प्रति विद्यार्थी १ हजार ५ सय , लेकम गाउँपालिकाले २ हजार र शैल्यशिखर नगरपालिकाले २ हजार ५ सय रुपियाँ सहयोग गर्ने निर्णय गरेका छन् ।
काठमाडौँ, धनगढी र महेन्द्रनगरलगायतका शहरमा गएर  अध्ययनरत विद्यार्थीहरुलाई राहत उपलब्ध गराउन उद्धेश्यले उनीहरुको तथ्याङ्क सङ्कलनको काम भइरहेको लेकम गाउँपालिका अध्यक्ष प्रमानन्द जोशीले जानकारी दिनुभयो ।
एक सातायता विभिन्न जिल्लाबाट  भित्रिएका सयौं व्यक्तिको आरडिटी विनै घर पठाइएको छ । नेपालका विभिन्न शहर र भारतबाट आएका व्यक्तिहरुलाई समेत निर्वाध रूपमा गाउँ पस्दा कोरोना सङ्क्रमणको जोखिम बढेको भन्दै स्थानीय त्रसित छन् ।
स्थानीय तहले उद्धार गरी ल्याएका तथा सरकारको निर्णय अनुसार भारतमा अलपत्र परेकाहरुलाई उद्धार गरी सिधै घर पठाउँदा गाउँमा त्रास बढेको हो । महाकाली नगरपालिकामा काठमाडौँ, धनगढी र महेन्द्रनगरबाट भित्रिएका २७ जनामध्ये २४ जना घर पठाइएको नगरपालिका विपद शाखा संयोजक भुवन जोशीले बताउनु भयो । नेपालबाटै आएका ३ जना मात्रै महेन्द्र नमूना माविको क्वारेन्टाइनमा राखिएको छ भने भारतबाट उद्धार गरिएका ३६ जना क्वारेन्टाइनमा बसेका छन् ।
दुहुँ गाउँपालिकाले नेपालबाटै ७० जना उद्धार गरेकोमा सबैलाई घर पठाइसकेको दुहुँ गाउँपालिका स्वास्थ्य शाखा संयोजक दिनेश कुमार सिंहले बताउनु भयो । भारतबाट उद्धार गरी ल्याएका १८ जना मात्रै अहिले क्वारेन्टाइनमा छन् । व्यास गाउँपालिकाले नेपालका विभिन्न शहरबाट उद्धार गरी ल्याएका ७१ जनालाई गाउँपालिकाले निर्णय नै गरेर घर पठाएको छ । भने भारतबाट उद्धार गरिएका आठ जना पनि होम क्वारेन्टाइनमै बसेका छन् । मालिकार्जुन गाउँपालिका स्वास्थ्य संयोजक गुणराज ओझाका अनुसार भारतबाट आएका पाँच जनामध्ये चार जना होमक्वारेन्टाइनमै पठाइएको छ भने मानसिक

विरामी देखिनु भएका गोपालसिंह धामीलाई उपचारको लागि नेपालगञ्ज पठाइएको छ । लेकम गाउँपालिकाले भारतबाट उद्धार गरिएका आठ जनालाई क्वारेन्टाइनमा राखिएको र तराई क्षेत्रबाट उद्धार गरी ल्याएका व्यक्तिलाई सिधै घरमा पठाइएको गाउँपालिका अध्यक्ष प्रमानन्द जोशीले जानकारी दिनुभयो ।
मार्मा गाउँपालिकामा भारतबाट उद्धार गरिएका ७३ जनालाई क्वारेन्टाइनमा राखिएको स्वास्थ्य संयोजक चक्रसिह धामीले बताउनु भयो । धनगढी महेन्द्रनगर र काठमाडौंबाट उद्धार गरी ल्याएका २ सय ७ जनालाई घर पठाइएको ५ । भारतबाट उद्धार गरिएकाहरुको पनि आरडिटी गराएर घर पठाउने तयारी गरिएको छ ।
अपिहिमाल गाउँपालिकाले भारतबाट उद्धार गरी आएका २८ जनालाई सोझै घर पठाइएको स्वास्थ्य संयोजक राजेन्द्रसिह धामीले बताउनु भयो । तर, धननगढी, महेन्द्रनगर , नेपालगञ्ज, काठमाडौं लगायतकाबाट उद्धार गरी ल्याइएका ७९ जनालाई भने क्वारेन्टाइनमा राखिएको छ । उनीहरुको आरडिटी गरेपछि घर पठाइने गाउँपालिकाले जनाएको छ । शैल्यशिखर नगरपालिकाले नेपालबाटै उद्धार गरी ल्याएका ४१ जना र भारतबाट उद्धार गरिएका ४८ जनालाई क्वारेन्टाइनमै राखेको प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र विष्टले जानकारी दिनुभयो । उनीहरुको आरडिटी नगरेसम्म क्वारेन्टाइनमै राखिने विष्टको भनाइ छ । नौगाड गाउँपालिकाले भारतबाट उद्धार गरिएका १ सय १ जना र नेपालका विभिन्न शहरबाट उद्धार गरी ल्याएका ४२ जनलाई क्वारेन्टाइनमा राखेको छ । गाउँपालिकाले यसअघि पनि भारतबाट आएका व्यक्तिहरुलाई अनिवार्य क्वारेन्टाइनमा राखेको स्वास्थ्य संयोजक प्रितम ठगुन्नाले बताउनु भयो । गाउँपालिकाले १४ दिन क्वारेन्टाइनमा बसेका वडा नम्बर ४ का सात जनालाई विदाई गरेको छ भने ४५ जनाको आरडिटी गरेको छ । महाकाली नगरपालिका विपद् शाखा प्रमुख भुवन जोशीका अनुसार नेपालबाटै उद्धार गरिएकाहरुले होम क्वारेन्टाइनमै बस्छौं भनेपछि पठाइएको बताउनु भयो । उनीहरु बसे नबसेको नियमित रुपमा निगरानी गरिएको जोशीको भनाइ छ ।
बैतडी जिल्ला पुर्चौडी नगरपालिकाका कृष्णराम पार्की लेकम गाउँपालिका - ३ लाली क्षेत्रबाट ट्युब तरेर नेपाल भित्रिएका छन् । भारतमा मजदुरी गरी फर्किएका लोहार लेकमको रडुवा भन्ने क्षेत्रमा ट्युब तरेर नेपाल भित्रिएको लेकम गाउँपालिका स्वास्थ्य सह संयोजक सिता गुरुङले जानकारी दिनुभयो । उहाँलाई सीमामा खटिएका सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर लेकम गाउँपालिका वडा नम्बर ३ को क्वारेन्टाइनमा राखिएको छ ।
६ जना पत्रकार सहित ४२ जनामा गरिएको आरडिटी रिपोर्ट नेगेटिभ आएको महाकाली नगरपालिका स्वास्थ्य शाखा प्रमुख लालजिरा भट्टले जानकारी दिनुभयो । महाकाली नगरपालिकाको क्वारेन्टाइन स्थल महेन्द्र मावि खलंगामा गरिएको आरडिटिमा अन्य ३६ जनाको रिपोर्ट समेत नेगेटिभ आएको उहाँले बताउनु भयो । क्वारेन्टाइनको सुरक्षामा खटिएका २१ जना सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, रिपोर्टिङगमा खटिएका ६ जना पत्रकार, सरसफाईमा खटिएका सरसफाईकर्मी र क्वारेन्टाइन व्यवस्थापनमा खटिएका महाकाली नगरपालिका अन्तर्गतका विपद व्यवस्थापन दस्ताहरुमा आरडिटी गरिएको भट्टको भनाइ छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** भारतीय सीमा नाका झुलाघाटबाट उद्धार गरेर ल्याइएका पुर्चौडी नगरपालिका- ६ मनकाली बस्ने ६७ वर्षीय जुने लुहारको वैशाख २० गते बिहान क्वारेन्टाइनमा लैजाँदै गर्दा मृत्यु भएको प्रहरीले जनाएको छ । लुहार यही वैशाख १८ गते भारतको पिथौरागढबाट झुलाघाट नाका हुँदै स्वदेश भित्रिएका थिए । एक महिना अघि उपचारका लागि भारतको पिथौरागढ पुगेका लुहार लकडाउनका कारण पिथौरागढमै रोकिएका थिए ।

क्वारेन्टाइनमा राख्नका लागि लैजाँदै गर्दा बाटोमा हिड्दा हिड्दै लुहारको  मृत्यु भएको  पुर्चौडी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विनोदकुमार कुँवरले जानकारी दिनुभयो । मृतक लुहारको स्वाब सङ्कलन गरेर कोरोना परीक्षणका लागि धनगढी पठाउने तयारी भएको उहाँले बताउनु भयो । मृतक लुहारको शवलाई प्लास्टिकमा बेरेर सुरक्षात्मक तरीकाले दाह संस्कारका लागि आफन्तलाई जिम्मा लगाइएको कुँवरको भनाइ छ । यही वैशाख १८ गते भ्रुलाघाट र धार्चुला नाकाबाट २ हजार ६ सय ९५ नेपाली स्वदेश फर्किएका र  उनीहरुमध्ये ८ सय ४८ जना पुर्चौडी नगरपालिकाका रहेका र सबै जनालई क्वारेन्टाइनमा राखिएको स्वास्थ्य शाखा प्रमुख कुँवरले बताउनु भयो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढंगानाका अनुसार** भारतको धार्चुलाबाट उद्धार गरी ल्याएका ५० जनालाई २१ दिनसम्म सम्बन्धित गाउँपालिकाको क्वारेन्टाइनमा राख्ने गरी व्यवस्थापन गरिएको छ । तुर्माखाँद गाउँपालिकाका १८ जना र ढकारी गाउँपालिकाका ३२ जनालाई सम्बन्धित गाउँपालिकामा निर्माण गरिएका क्वारेन्टाइनमा राखिएको हो । धार्चुलाबाट उद्धार गरिएका मध्येमा ४६ पुरुष र चार जना महिला रहेका छन् । सबैलाई क्वारेन्टाइनमा राखेर केही दिनमा आरडिटी परीक्षण समेत गरिने प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जानकारी दिनुभयो ।
ढकारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर ओलीले केहीलाई गाउँपालिकाको र केहीलाई वडाले निर्माण गरेका क्वारेन्टाइमा राखिने व्यवस्था मिलाइएको जानकारी दिनुभयो ।
ल्कडाउनका कारण भोकै बस्नुपर्ने बाध्यता रहेका दैनिक ज्यालादारी, विपन्न, गरिव परिवारलाई सदरमुकामस्थित मंगलसेन नगरपालिकाले वैशाख २० गतेदेखि खाद्यन्न वितरण सुरु गरेको छ । वैशाख २० गते नगरपालिकाको वडा नम्बर ४ का ६१ जना र वडा नम्बर १३ का ८३ जनालाई चामल, दाल, तेल, नुन र साबुन वितरण गरिएको नगरपालिकाको कार्यालयले जनाएको छ । वडा नम्बर ४ मा जम्मा १ हजार ५ सय ४५ किलो चामल, १ सय २६ किलो दाल, ५३ लिटर तेल, ८२ किलो नुन र ८२ पिस ा साबुन वितरण गरिएको वडा अध्यक्ष पदमबहादुर धामीले बताउनु भयो । नगरपालिकाको  वडा नम्वर १३ वस्तीमा २ हजार १ सय ३५ किलो चामल, १ सय ७८ किलो दाल, ७० लिटर तेल, १ सय २० किलो नुन र १ सय २० पिस साबुन राहतस्वरुप वितरण गरिएको वडा अध्यक्ष प्रेमबहादुर थापाले जानकारी दिनुभयो । नगरपालिकाका १४ ओटै वडामा राहत वितरण निरन्तरतासँगै वैशाख २२ गतेसम्म लक्षित परिवारले राहत पाइसक्ने नगरपालिकाले जनाएको छ ।
लकडाउनको क्रममा खाद्य अभाव भएका रामारोशन गाउँपालिका घर भइ काठमाडौं उपत्यकामा अध्ययनरत १ सय ५० जना विद्यार्थीहरुलाई गाउँपालिकाले राहतस्वरुप खाद्यन्न वितरण गरेको छ । काठमाडौं उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुरकाका विभिन्न स्थानमा बसेर अध्ययन गरिरहेका विद्यार्थीको टोलमै पुगेर प्रतिव्यक्ति १५ किलो चामल, डेढ किलो दाल र आधा लिटर तेल वितरण गरिएको काठमाडौंमा रहेका रामारोशन गाउँपालिका-३ शान्तडाका वडा अध्यक्ष ताराबहादुर साउँदले जानकारी दिनुभयो । गाउँपालिकामा खाद्यन्न राहत वितरण गरिसकेको र रामारोशनका  विभिन्न जिल्लामा रहेका समस्यामा परेका व्यक्तिलाई आवश्यक राहतमा जुटेको गाउँपालिका अध्यक्ष झंकरबहादुर साउँदको भनाइ छ ।
रामारोशन गाउँपालिकाले बाहिर जिल्लाबाट फर्किका २० जना व्यक्तिलाई वडा तहका विद्यालयमा निर्माण गरिएका क्वारेन्टाइनमा राखेको छ । वडा नम्वर १ मलातीकोटको पिंगला माविमा सात जना, वडा नम्वर ३ शान्तडाको सरिता माविमा आठ जना, वडा नम्वर ४ बाटुलासेनको सरस्वती माविमा एक जना, वडा नम्वर ५ रामारोशनको निलकण्ठ माविमा तीन जना र वडा नम्वर ७ सुतारको गुप्तादेवी आधारभुत विद्यालयमा एक जना क्वारेन्टाइनमा राखिएको गाउँपालिकाका स्वास्थ्य शाखा

प्रमुख प्रभुनाथ देवकोटाले जानकारी दिनुभयो । क्वारेन्टाइनमा २१ दिनको अवधि पूरा गरेपछि स्वास्थ्य परीक्षणपश्चिात होम क्वारेन्टाइनमा बस्ने गरी घर पठाइने गाउँपालिकाले जनाएको छ । क्वारेन्टाइनमा रहेका व्यक्तिलाई खान, बस्न र आवश्यक स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको गाउँपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत रामबहादुर भण्डारीले जानकारी दिनुभयो ।
लकडाउनका क्रममा आवतजावतलाई रोक्न पञ्चदेवल-विनायक नगरपालिकाकाले कर्णाली प्रदेश र अन्य स्थानीय तहको सीमा क्षेत्रमा कडाइ गरिरहेको नगर प्रमुख देवराज देवकोटाले बताउनु भयो । नगरमा कोरोना सङ्क्रमणको सम्भावित जोखिमलाई आँकलन गरेर कर्णाली प्रदेशको दैलेख, कालिकोटबाट अछाम प्रवेश गर्ने बेलखेत लगायतका नाकामा प्रहरी परिचालन गरी आवतजावतमा कडाइ गरिएको बताइएको छ । कर्णाली प्रदेशको दैलेख र कालिकोट कर्णाली नदीको सीमा भएपनि ती जिल्लाका स्थानीय तहका मानिसहरु काठको डुङ्गा प्रयोग गरेर आउने गरेका कारण कडाइ गरिएको नगर प्रमुख देवकोटाको भनाइ छ ।

**बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** जिल्ला सदरमुकाम मार्तडीमा ०७७ वैशाख २० गते कोरोना भाइरसको स्वाव सङ्कलन केन्द्रको स्थापना गरिएको छ । स्वास्थ्यकर्मीको सुरक्षालाई मध्यनजर गर्दै नेपाल इन्जीनियर यसोसियनको सहयोगमा केन्द्रको स्थपाना गरिएको हो । सदरमुकाम मार्तडीमा कोरोना भाइरस सङ्क्रमितका लागि बनाइएको आइसोलशनलाई मध्यनजर गरी स्वाब सङ्कलन केन्द्रको स्थापना गरिएको जिल्ला अस्पताल, बाजुराका प्रमुख डाक्टर रुपचन्द्र बिश्वकर्माले बताउनु भयो । डाक्टर मोहन नाथ र डाक्टर क्षितीज साप्कोटाको बिषेश पहल तथा नेपाल इन्जीनियर यसोसियनको आर्थिक सहयोगमा जिल्लाको सदरमुकाममा स्वाव सङ्कलन केन्द्रको स्थपना गरिएको कोभिड -१९ रोकथाम तथा नियन्त्रणका लागि आएका डाक्टर क्षितिज साप्कोटाले बताउनु भयो ।
इन्जीनियर यसोसियनको पहिलो लक्ष्य उदयपुरमा थियो तर दुर्गम जिल्ला भनेर चिनिएको बाजुरामा पनि हामीले सहयोग गर्नु पर्छ भन्ने उद्धेश्यका साथ स्वाबको नमुना सङ्कलन केन्द्र स्थापन गरिएको नेपाल इन्जीनियर यसोसियनका सचिव इन्जीनीयर शुभराज न्यौपानेको भनाइ छ ।
यसरी निर्माण गरिएको स्वाव सङ्कलन केन्द्रमा काम गर्ने स्वास्थ्य कर्मीहरुका लागि पीपिइ सेटमध्ये पन्जाबाहेक अन्य सुरक्षाका सामग्री आवश्यक नहुँने जिल्ला अस्पताल, बाजुराका डाक्टर बिश्वकर्माको भनाइ छ । स्वाब सङ्कलन केन्द्र बनाउन पहल गर्ने कोरोना भाइरस रोग नियन्त्रण तथा रोकथामका लागि आएका डाक्टर मोहन नाथ र डाक्टर क्षितिज सापकोटाको टिमलाई जिल्ला अस्पताल बाजुराले धन्यबाद समेत व्यक्त गरेको छ ।

**कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** कोरोनाको आशङ्कामा वैशाख १८ गते सेती प्रादेशिक अस्पताल,धनगढीमा भर्ना भएका घोडाघोडी नगरपालिका - ९ का २५वर्षीय युवकको थ्रोट स्वाब रिपोर्ट नेगेटिभ आएको छ । उच्च ज्वरो र खोकि रहेकोले उहाँलाई कोरोनाको आशङ्कामा वैशाख १८ गते अस्पताल भर्ना गरी स्वाब सङ्कलन गरिएको थियो । वैशाख २० गते उहाँको पीसिआर प्रयोगशालामा स्वाब परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएको सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी दिलिप श्रेष्ठले जानकारी दिनुभयो । उहाँ चैत ७ गते भारतको मुम्बईबाट घर आएका थिए ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** काठमाडौं लगायत जिल्ला बाहिरबाट आउने बिरामी तथा दिर्घ रोगी, महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुलाई सेल्फ क्वारेन्टाइमा राखिने

प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताउनु भयो । जिल्ला विपद व्यवस्थापन समितिको बैठकले सो निर्णय गरेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनु भयो ।

पछिल्लो समयमा जिल्ला बाहिरबाट आएका २ सय ५८ जनालाई  स्थानीय तहले तयार गरेका क्वारेन्टाइमा राखिएको जिल्ला स्वास्थ्य कार्यालय, डोटीका कोराना सम्पर्क व्यक्ति सुर्य विष्टले बताउनु भयो । उहाँका अनुसार १ सय ९३ जना पुरुष , ४५ जना महिला र १६ जना बालकालिकाहरुलाई क्वारेन्टाइनमा राखिएको छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**